# पाँचथर पावर कम्पनि लिमिटेड
Panchthar Power Company Limited

हात्तिवन, ललितपुर, फोन नं. ०१-५९१२००३, ०१-५९१६००४

Email : ppchewa@gmail.com, website: www.ppcl.com.np


# आठौं वार्षिक साधारण सभा बस्ने वारेको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०६**

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस पाँचथर पावर कम्पनि लिमिटेडको मिति २०८१/०२/०४ मा वसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको आठौं वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ साल जेष्ठ २७ गते आइतवार (तदनुसार सन् २०२४ जुन ९) ।

समय : बिहानको ११.०० बजे

स्थान : होटल इम्पेरीयल काठमाण्डौ, बत्तिसपुतली ।

**छलफलका बिषयहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. अध्यक्षज्यूको मन्तव्य तथा आठौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको आय व्यय विवरण र वासलात माथि छलफल गरि पारित गर्ने बारे ।

३. आगामी आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने बारे।

**ख. विशेष प्रस्तावहरु**

१. कम्पनीको नियमावलिको नियम २७(२), (संचालक समितिको संख्या) मा संशोधन गर्ने वारे ।

२. पाँचथर पावर कम्पनी लिमिटेडले श्री एक्सेस इन्भेष्टमेन्ट प्रा.लि. र मेगा भेन्चर प्रा.लि.लाई प्राप्ति/गाभ्ने बारे ।

३. पाँचथर पावर कम्पनी लिमिटेडले श्री एक्सेस इन्भेष्टमेन्ट प्रा.लि. र मेगा भेन्चर प्रा.लि.लाई प्राप्ति/गाभ्ने सन्दर्भमा आवश्यक पर्ने विभिन्न समितिहरु गठन गर्ने, आवश्यक विषय, विज्ञहरुको नियुक्ति गर्ने र नियमनकारी निकायहरु वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि किसिमको फेरबदल गर्न, संशोधन गर्न, थपघट गर्न लगायत कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम कार्यहरु गर्न यस कम्पनीको संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

४. आयोजनामा पूनः निर्माणको लागी कर्जा थप गर्ने वारे ।

५. विविध

## साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१) आठौं वार्षिक साधारणसभा प्रयोजनका लागि यहि मिति २०८१/०२/१७ गते बिहिवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताव वन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/०२/१६ गतेसम्म कारोवार भई कायम रहेका शेयरधनीहरु सो सभामा भाग लिनका लागि योग्य हुनेछन् ।

२) आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-५९१२००३ तथा ०१-५९१६००४ मा वा कम्पनीको आधिकारिक ईमेलः ppchewa@gmail.com मा सम्पर्क गरी नाम टिपाउनु हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

३) सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

४) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।

५) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ ।

६) वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, हात्तिवन, ललितपुरमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागी कम्पनीको वेवसाइट www.ppcl.com.np मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

**संचालक समितिको आज्ञाले,**

**कम्पनी सचिब**